# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः१०) पञ्चकन्या, साउन महिना ०१ गते, २०८३ साल (संख्याः १**

**भाग–१**

**पञ्चकन्या गाउँपालिकाको आर्थिक ऐन, २०८३**

**गाउँसभाबाट स्वीकृत मिति २०८३/०३/१० गते**

**प्रस्तावनाः** पञ्चकन्या गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, कर तथा शुल्को दर घटाउने, बढाउने, कर लगाउने, कर छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम पञ्चकन्या गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"पञ्चकन्या गाउँपालिकाको आर्थिक ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि पञ्चकन्या गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

**स्पष्टिकरणः** सम्पत्ती कर निर्धारण गर्दा घर र घरले चर्चेको बरावरको थप जग्गा सम्झनु पर्छ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर/जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **विक्री शुल्कः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) को अधिकार प्रयोग गरी अनुसूची (१३) मा उल्लेखित दरमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य बस्तु र दहत्तर-बहत्तरको संकलन तथा विक्री गरी विक्री शुल्क लगाइने र असुल गरिने छ ।

१५. **अन्य शुल्क/दस्तुर/राजस्वः** अन्य शुल्क/दस्तुर/राजस्व अनुसूची (१४) बमोजिम हुनेछ ।

१६. **कर छुटः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**(२)** उपदफा १ मा जुनसुकै विषय उल्लेखित भएतापनि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइने दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ ।यसरी घटाइएको, बढाइएको वा छुट दिएको सूचना पञ्चकन्या गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि मात्र लागु गरिनेछ ।

(३) उपदफा २ बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण अर्को हुने गाउँसभामा पेश गर्नु पर्नेछ । त्यसरी दिइएको आंशिक वा पूर्ण कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा छुट दिइएको दस्तुर, शुल्क र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

**१७. प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः**

प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति सुव्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लेखित ऐन तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको वाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

१८.**कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

१९.**खारेजीः यो ऐनले पञ्चकन्या गाँपालिकाको आर्थिक ऐन, २०८२ लाई प्रतिस्थापन गर्दछ ।**

## अनुसूची-१
## सम्पत्ती कर
## (दफा-२ सँग सम्बन्धित)

हाल घर र घरले चर्चेको जमिनमा सम्पत्ती कर निम्न अनुसार वर्गिकरण गर्ने ।सम्पत्ती कर प्रयोजनको लागि घर संरचनाको मूल्याङ्कन तथा ह्रास कट्टी दरः-

| सि.नं. | संरचनाको किसिम | २०८३/०८४ को लागि निर्धारित दर | | कैफियत |
|---|---|---|---|---|
| | | मूल्याङ्कन दर (प्रति वर्ग फिट) | ह्रास कट्टी दर प्रतिशत ( प्रति वर्ष) | |
| १ | आर. सी. सी. फ्रेम स्ट्रक्चर | १५०० | | |
| २ | सिमेन्ट जोडाइमा इट्टा वा ढुङ्गा वा व्लकको गारो र आर. सि. सि. छाना भएका घरहरु | ८०० | | |
| ३ | माटोको जोडाइ इट्टा वा ढुङ्गा वा व्लकको गारो आर. सि. सि. छाना भएका घर | ६०० | | |
| ४ | सिमेन्ट जोडाइ इट्टा, ढुङ्गा वा व्लकको गारो जस्ता/टिनको छाना भएका घरहरु | ५०० | | |
| ५ | लिफ्ट जडान गरिएको आर. सि. सि. घर | २००० | | |
| ६. | सिमेन्टको जोडाइमा इट्टा वा ढुङ्गाको गारो भइ टायल/ढुङ्गाको छाना भएका घरहरु | ४०० | | |
| ७ | प्रिफ्याब बाट बनेको घर तथा संरचन | ७०० | | |
| ८ | काठको घर/खर/पराल/छवालीको छानो भएका घर | २०० | | |
| ९ | सेड वा कच्ची घर | २०० | | |
| १० | माटोको जोडाइ इट्टा र ढुङ्गा वा व्लकको गारो जस्ता/ढुङ्गाको छानो भएका घर | ४०० | | |

उपरोक्त अनुसार घरहरुको वर्गिकरण गरी घरको मूल्याङ्कन गरी सम्पत्ती कर लगाउने र आगामी आ.व. २०८३/०८४ मा उपरोक्त अनुसार मूल्याङ्कन गर्दा ह्रास कट्टी नगरिने ।

## सम्पत्ती करको दर

| मूल्याङ्कन रकम (रु.) | करको दर प्रतिलाख (रु.) | कर रकम |
|---|---|---|
| रु. १ देखि ५ लाख सम्म | एकमुष्ट रु. ५० | रु.५० |
| ५ लाख १ रुपैया देखि १० लाख सम्म | एकमुष्ट रु. ७५ | रु.७५ |
| १० लाख १ रुपैया देखि १५ लाख रुपैया सम्म | एकमुष्ट रु.१०० | रु.१०० |
| १५ लाख १ रुपैया देखि २० लाख सम्मको | एकमुष्ट रु. १५० | रु.१५० |
| २० लाख १ रुपैया देखि २५ लाख रुपैया सम्मको | एकमुष्ट रु. २०० | रु.२०० |
| २५ लाख १ रुपैया देखि ३० लाख सम्मको | एकमुष्ट रु. ३०० | रु.३०० |
| ३० लाख १ देखि ५० लाख सम्मको | १० | रु.५०० |
| ५० लाख १ देखि १ करोड सम्मको | १३ | रु. १३०० |
| १ करोड १ रुपैया देखि २ करोड सम्म | १७ | रु. ३४०० |
| २ करोड १ रुपैया देखि ३ करोड सम्म | २२ | रु. ६६०० |
| ३ करोड १ रुपैया देखि ५ करोड सम्म | २८ | रु. १४००० |
| ५ करोड १ रुपैया देखि १० करोड सम्म | ३५ | रु. ३५००० |
| १० करोड १ रुपैया देखि माथि | ४५ | |

सम्पत्ती करको मूल्याङ्कन करदाताले स्व-घोषणा गरेको आधारमा गरिने छ । सम्पत्ति कर निर्धारणका लागि करदाताले तोकिएको ढाँचामा आफ्नो सबै सम्पत्तिको विवरण खुलाउनु पर्नेछ ।करदाताले विवरण पेश गर्दा आफ्नो सबै सम्पत्तिको विवरण नुखुलाई पेश गरी कर तिरेको र पछि लुकाएको सम्पत्ति विवरण पुनः पेश गरी कर तिर्न आएको पाइएमा त्यस्ता सम्पत्तिलाई पुरानो विवरणमा नै समावेश गरी सम्पत्ति मूल्याङ्कन गरी कर निर्धारण गरिने छ । यसरी निर्धारण हुने कर रकम बरावर जरिवाना थप गरी कर असुली गरिने छ । सम्पत्ति धनीले प्रत्येक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्षभित्र भुक्तानी गरिसक्नुपर्ने । आ.व. २०८२/०८३ लाई आधार वर्षको रुपमा लिई सम्पत्ति कर लिइने छ ।

## अनुसूची-२
## दफा ३ सँग सम्बन्धित
## भुमिकर/मालपोत कर

यस पञ्चकन्या गाउँपालिका क्षेत्रभित्र सम्पत्ति कर लाग्ने घर जग्गा बाहेक अन्य जग्गा भुमिकर/मालपोत कर लगाई असुल गरिने छ ।

| क्र.सं. | जग्गाको विवरण/जग्गाको प्रकृती | प्रति रोपनी दर | |
|---|---|---|---|
| | | खेत | बारी |
| १ | अव्वल | ४० | ३० |
| २ | दोयम | ३५ | ३० |
| ३ | सिम | २० | १५ |
| ४ | चाहार | २० | १५ |
| ५ | पाखो | | १५ |

नोटः एक आर्थिक वर्षमा नतिरेमा थप २५ प्रतिशत जरिवाना लाग्ने छ ।

## अनुसूची-३
## (दफा ४ सँग सम्बन्धित)
## घर/जग्गा वहाल कर

आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा वहालमा दिएमा सम्बन्धित धनीबाट वहाल रकमको तपसिल बमोजिम वहाल कर लिइने छ ।

| वहाल कर | घर वहाल कर | जग्गा वहाल कर | |
|---|---|---|---|
| | | कृषि प्रयोजन | व्यवसाय लगायत अन्य प्रयोजन |
| | वहाल रकमको १०% | वहाल रकमको ७% | बहाल रकमको १०% |

## अनुसूची-४
## (दफा-५ सँग सम्बन्धित)
## व्यवसाय कर

तपसिलका व्यवसायहरुको श्रेणी वर्गीकरण अनुसार दर्ता शुल्क तोकिएको छ ।उक्त शुल्क बरावरनै वार्षिक व्यवसाय कर लिइनेछ । वार्षिक व्यवसाय कर भुक्तान गरिसकेपछी व्यवसाय नवीकरण गरिनेछ।

| सि.नं. | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क (रु) | ख (रु) | ग (रु) |
| १ | होटल/लज/रेष्टुरेन्ट<br>➢ पाँच (५) कोठा भन्दा बढी कोठा भएको होटललाई (क)<br>➢ लज मात्र भएको लजलाई (ख)<br>➢ साधारण खाना, नास्ता, लज भएकोलाई (ख)<br>➢ रेष्टुरेन्ट मात्र भएकोलाई(ग)<br>➢ १० कोठा भन्दा माथि ए. सी. भएको होटल, रेष्टुरेन्टको रु. २०००।- | १०००।- | ८००।- | ५००।- |
| २ | मासु पसल<br>➢ कुनै एक प्रकारको/जीवजन्तुको मात्र मासु बेच्ने (ख)<br>➢ एक भन्दा बढी प्रकारको/जीवजन्तुको मासु बेच्नेलाई (क) | १०००।- | ५००।- | |
| ३ | मदिरा पसल<br>➢ इजाजत प्राप्त थोक मदिरा पसल (क)<br>➢ इजाजत प्राप्त खुद्रा मदिरा पसल (ख) | १५००।- | १०००।- | |
| ४ | कोल्डड्रिङ्स पसल | ५००।- | | |
| ५ | सुन/चादी/गहना पसल | १०००।- | | |
| ६ | रेडियो/मोबाइल विक्री तथा मर्मत पसल | ५००।- | | |
| ७ | संचार सेवा | ५००।- | | |
| ८ | घडी विक्री तथा मर्मत | ५००।- | | |
| ९ | केवल टि.भी. सेवा/इन्टरनेट सेवा | ३०००।- | | |
| १० | फोटो स्टुडियो<br>➢ कलर ल्याबलाई (क)<br>➢ फोटो स्टुडियोलाई (ख) | ८००।- | ५००।- | |

| | | | | |
|---|---|---|---|---|
| ११ | हजाम | ५००।- | | |
| १२ | टेलरिङ | ५००।- | | |
| १३ | जुत्ता पसल<br>➢ जुत्ता सिलाई र बेच्नेलाई (क)<br>➢ जुत्ता मर्मत मात्र गर्नेलाई (ख) | ६००।- | ५००।- | |
| १४ | मोटर वर्कशप<br>➢ गाडीको बडी बनाउने तथा मर्मत गर्ने (क)<br>➢ सबै किसिमको सवारी साधन मर्मत गर्ने (क)<br>➢ सम्पूर्ण सवारी साधन मर्मत र पार्टस बेच्ने (क)<br>➢ मोटरसाइकल मात्र मर्मत गर्ने (ग)<br>➢ गाडीहरु मर्मत र पार्टस बेच्ने (ख)<br>➢ मोटरसाइकल मर्मत र पार्टस बेच्ने (ख)<br>➢ गाडी मर्मत मात्र गर्ने (ग) | १०००।- | ६००।- | ५००।- |
| ५ | छापाखान<br>➢ अपसेट प्रेसलाई (क)<br>➢ साधारण प्रेसलाई(ख) | १०००।- | ७००।- | |
| १६ | स्वास्थ्य सेवा<br>➢ अस्पताललाई (क)<br>➢ पोलिक्लिनिक (ख)<br>➢ थोक मेडिकल (ख)<br>➢ मेडिकललाई (ग) | १०००।- | ८००।- | ५००।- |
| १७ | मेटल वर्कशप | १०००।- | | |
| १८ | काष्ठ उद्योग<br>➢ काठ चिरानी मेसिन सहित काठको विभिन्न फर्निचर र अरु काठहरुको झ्यालढोका आदि बनाउनेलाई (क)<br>➢ कुनै एक मात्र बनाउनेलाई (ख) | २५००।- | १५००।- | |
| १९ | इट्टा भट्टा र इट्टा डिपो<br>➢ इट्टा भट्टालाई (क)<br>➢ इट्टा डिपोलाई (ख)<br>➢ इट्टा विक्रीकर प्रति इट्टा ३५ पैसा । | १२५००।- | ५०००।- | |
| २० | कम्प्युटर इन्स्टिच्युट | ५००।- | | |

| | | | | |
|---|---|---|---|---|
| २१ | दाउरा डिपो | ५००।- | | |
| २२ | पान पसल | ५०० | | |
| २३ | बेकरी उद्योग र बेकरी पसल<br>➢ उद्योगलाई (क)<br>➢ पसललाई (ख) | १०००।- | ८००।- | |
| २४ | तरकारी र फलफूल पसल | ५००।- | | |
| २५ | चित्रा पसल | ५००।- | | |
| २६ | मिलहरु<br>➢ १० हर्षपावर वा सो भन्दा माथिको क्षमताको मिललाई (क)<br>➢ सो भन्दा कम हर्षपावर क्षमताको मिललाई (ख) | १०००।- | ६००।- | |
| २७ | डिलर | २०००।- | | |
| २८ | **साईकल भाडा तथा मर्मत** | ५००।- | | |
| २९ | **नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको निर्माण व्यवसायी**<br>➢ इजाजत शुल्क २५०००।-<br>➢ नविकरण शुल्क रु ६०००।- | | | |
| ३० | **कपडा पसल** | १०००।- | | |
| ३१ | **किराना पसल**<br>➢थोक सहितको किराना पसललाई **(क)**<br>➢पचास हजार र सो भन्दा बढी लगानी भएको किराना पसललाई **(ख)**<br>➢सो भन्दा कम लगानी भएको किराना पसललाई **(ग)** | १५००।- | ७००।- | ५००।- |
| ३२ | **भाँडा पसल**<br>➢ धातू तथा प्लाष्टिकका भाँडा तथा सामान बेच्नेलाई **(क)**<br>➢ नुवाकोट जिल्लामा उत्पादन भएको माटोको भाँडा बाहेक अन्यत्रबाट ल्याएर बिक्री गर्ने माटोको भाँडा तथा सामान बेच्नेलाई **(ख)** | ६००।- | ५००।- | |
| ३३ | **चुरा धागो तथा श्रृङ्गारका सामान पसल**<br>➢ थोक सहितको पसललाई **(क)**<br>➢ पचास हजार वा सो भन्दा बढी लगानी भएको पसललाई **(ख)** | १०००।- | ६००।- | ५००।- |

| | | | | |
|---|---|---|---|---|
| | ➢ सो भन्दा कम लगानी गर्ने पसललाई **(ग)** | | | |
| ३४ | **कुखुरा पालन**<br>➢ एक हजार वा सो भन्दा बढी कुखुरा पाल्नेलाई **(क)**<br>➢ एक हजार भन्दा कम कुखुरा पाल्नेलाई **(ख)** | १०००।- | ६००।- | |
| ३५ | तयारी पोशाक पसल | ५००।- | | |
| ३६ | तयारी जूत्ता पसल | ५००।- | | |
| ३७ | दन्त क्लिनिक | ५००।- | | |
| ३८ | हार्डवेयर पसल | २०००।- | | |
| ३९ | ईलेक्टिक/इलेक्ट्रोनिक पसल | १०००।- | | |
| ४० | कानूनी फर्म | ५००।- | | |
| ४१ | साईन बोर्ड पेन्टीङ | ५००।- | | |
| ४२ | फर्निचर एण्ड फर्निसिङ्ग पसल | १०००।- | | |
| ४३ | **स्टेशनरी पसल**<br>➢ खेलकुद सामग्री सहित भएको लाई **(क)**<br>➢ स्टेशनरी मात्र भएको लाई**(ख)** | १०००।- | ५००।- | |
| ४४ | जडीबुटी खरिद विक्री पसल | १५००।- | | |
| ४५ | लेखापरीक्षक/ घर नक्सा तयार पार्ने प्रविधिक सूचिकृत दस्तुर क्रमशः १०००/२००० | | | |
| ४६ | टेलिभिजन पसल | १०००।- | | |
| ४७ | **निम्ननानुसार पुँजि लगानी गरी सञ्चालन गर्ने। उद्योगहरुलाई निम्नानुसार दर्ता शुल्क र बार्षिक व्यवसाय कर तोकिएको छ ।**<br>➢ ५० लाख भन्दा माथि पुँजि लगानी गरी सञ्चालन भएका उद्योग **(क)**<br>➢ २० लाख १ रुपैया देखी ५० लाख पुँजि लगानी गरी सञ्चालन भएका उद्योग **(ख)**<br>➢ १० लाख देखी २० लाख सम्म पूँजि लगानी गरी सञ्चालन भएका उद्योग **(ग)**<br>➢ १० लाख भन्दा कम पुँजी लगानी गरी सञ्चालन भएका उद्योग **(घ)** ३०००।- | २५०००।- | १५०००।- | १००००।- |
| ४८ | विज्ञापन सेवा वा एजेन्ट | ५००।- | | |
| ४९ | पशु वधशाला | १०००।- | | |
| ५० | अन्तरराष्ट्रिय गैरसरकारी संस्था (शाखा कार्यालय समेत) | ५०००।- | | |
| ५१ | **वित्तीय सेवा** | ७०००।- | २०००।- | |

| | | | | |
|---|---|---|---|---|
| | ➢ नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोवार गर्ने बाणिज्य बैंक/विकास बैंक **(क)**<br>➢ वित्तीय संस्थाको शाखा कार्यालय (बैंक बाहेक) **(ख)** | | | |
| ५२ | निजी स्कुल | १०००।- | | |
| ५३ | **सिनेमा हल**<br>➢ सिनेमा हललाई **(क)**<br>➢ भिडिया हललाई **(ख)** | १०००।- | ५००।- | |
| ५४ | चस्मा पलस | ५०० ।- | | |
| ५५ | सिलाई मेशिन बिक्री तथा मर्मत गर्ने पसल | ५०० ।- | | |
| ५६ | रेफ्रिजेरेटर पसल | ५०० ।- | | |
| ५७ | दुग्ध डिपो/ पसल/दुध संकलन केन्द्र | ५०० ।- | | |
| ५८ | व्यूटि पार्लर | ५०० ।- | | |
| ५९ | कुनै पनि माल वस्तुहरु सप्लायर्स | २००० ।- | | |
| ६० | टेलिफोन टावर राखी संचार सेवा उपलब्ध गराउने संस्थालाई आ.व. २०६९/७० देखी | २५००० ।- | | |
| ६१ | जग्गा विकास / हाउजिङ्ग | ५००० ।- | | |
| ६२ | म्यानपावर सेवा | १५००।- | | |
| ६३ | क्याटेरिङ्ग सेवा | १०००।- | | |
| ६४ | **वित्तीय कारोवार अन्य कारोवार गर्ने सहकारी संस्थाको बार्षिक शूल्क**<br>➢ बचत तथा ऋण सहकारी **(क)**<br>➢ अन्य सहकारी संस्था **(ख)** | १५००।- | १०००।- | |
| ६५ | मार्वल टायल पसल | २००० ।- | | |
| ६६ | **सवारी साधनको शोरुम**<br>➢ गाडीको शोरुम **(क)**<br>➢ मोटरसाईकलको शोरुम **(ख)**<br>➢ ट्याक्टर तथा अन्य मेशिनरीको शोरुम **(ग)** | ५००० ।- | ३०००।- | २००० ।- |
| ६७ | माथी उल्लेख भएको वाहेक अन्य व्यवसाय, सेवा आदिहरुमा तोकिएको समयहद भित्र रहेर कर असुली गर्ने | | | |
| ६८ | कृषि सामग्रीको पसल/भेटेनरी पसल | ५००।- | | |
| ६९ | आईसक्रिम पसल | ५००।- | | |
| ७० | संस्था नामसारी शुल्क | ५००।- | | |
| ७१ | निजी कलेज | ५०००।- | | |
| ७२ | पानी ट्यांकर सेवा | ५००।- | | |

| | | | | |
|---|---|---|---|---|
| ७३ | ग्यास डिपो | ७००।- | | |
| ७४ | कृषि तथा पशुपालन व्यवसाय फर्मको हकमा दर्ता शुल्क रु. १०००।- र वार्षिक व्यवसाय कर रु.५००।— असुल गरी व्यवसाय नवीकरण गरिने | | | |
| ७५ | डि.जे. साउण्ड सर्भिस सेवा | १०००।- | | |
| ७६ | **व्यवसाय दर्ता खारेजी** | १०००।- | | |
| ७७ | **व्यवसाय नामसारी शुल्क** | १०००।- | | |
| ७८ | **निर्माण व्यवसाय** | ३०००।- | | |
| ७९ | **परम्परागत आरन व्यवसाय** | ५००।- | | |

**नोट :**

१ .यसमा डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवसायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखी पसल वा व्यवसाय गरेको छ भने सवै आईटम मध्ये कूनै एकको मात्र कर लिने छ तर यस्ता सवै आईटम मध्ये जुन आईटमको कर रकम बढी छ सोहीलाई कायम गरी कर असूल गरिनेछ।

२. विगत जतिसुकै वर्षहरुको व्यवसाय कर बुझाउन बाँकी रहेको भए तापनि २०८२ असोज मसान्त सम्ममा यस अघि बुझाउनु पर्ने कर बुझाएमा जरिवानामा ५० प्रतिशत छूट दिनेछ । उक्त म्याद भित्र कर नवुझाउने करदाताहरुवाट बुझाउनु पर्ने सम्पूर्ण व्यवसाय करमा (चालु आ.व. २०८२/०८३ को समेतमा) प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसाय कर असुल गरिनेछ।

३. यस पञ्चकन्या गाउँपालिका भित्र कुनैपनि व्यबसाय दर्ता गर्न र ती व्यबसायको नबीकरण शुल्क यसै आर्थिक ऐन अनुसार हुनेछ । यस ऐनमा नसमेटिएका व्यबसाय दर्ता र सोको नवीकरण दस्तुरको हकमा **"व्यबसाय दर्ता तथा नबिकरण सम्बन्धि कार्यबिधि २०७५"** बमोजिम हुनेछ ।

**अनुसूची-५**

**(दफा-६ सँग सम्बन्धित)**

**जडिबुटी, कवाडी र जीवजन्तु करः**

यस गाउँपालिकामा प्रचलित कानूनले निषेध गरेका बाहेक जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | चिराइतो | के जी | २.५० | |
| २ | चुत्रोको बोक्रा | के जी | १.२५ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | अल्लो | के जी | २.०० | |
| ४ | लोक्ता | केजी | ६.०० | |
| ५ | धँसिङ्ग्रे तेल | लिटर | १००.०० | |
| ६ | अम्रिसो | केजी | १.०० | |
| ७ | तेजपात | केजी | १.०० | |
| ८ | सल्लाको खोटो | प्रति के जी | २.०० | |
| ९ | उन | केजी | २.०० | |
| १० | प्वाँख | केजी | १.५० | |
| ११ | हाड | केजी | २.०० | |
| १२ | सिङ | केजी | २.०० | |
| १३ | खुर | केजी | २.०० | |
| १४ | छाला ठुलो | गोटा | ३०.०० | |
| १५ | छाला सानो | गोटा | १५.०० | |
| १६ | ब्लक | गोटा | १.०० | |
| १७ | प्लाष्टिकजन्य पदार्थ | के जी | ०.५० | कवाडी |
| १८ | फलाम/जस्ताजन्य पदार्थ | केजी | १.५० | कवाडी |
| १९ | तामा/पित्तल | केजी | ३.०० | कवाडी |
| २० | कागज | केजी | ०.५० | कवाडी |
| २१ | इनारको रिङ्ग | गोटा | १५.०० | |
| २२ | इट्टा | गोटा | ०.३५ | |
| २३ | सिसाको वोटल/मदिराको खाली वोटल | गोटा | ५ पैसा | प्रति वोटल |
| २४ | काठ/दाउरा | प्रति क्यू.फिट | ३ रुपैया | |

## अनुसूची-६
## (दफा ७ सँग सम्बन्धित)
## सवारी साधन कर

| क्र.सं. | सवारी साधनको किसिम | सवारी दर्ता शुल्क (रु) | सवारी साधन नविकरण शुल्क (रु.) |
|---|---|---|---|
| १ | रिक्सा | २००।- | १००।- |
| २ | ई-रिक्सा/अटो रिक्सा | १०००।- | ५००।- |

## अनुसूची-७
## (दफा-८ सँग सम्बन्धित)
## विज्ञापन कर

विज्ञापन कर उठाउनको लागि देहाय अनूसार दररेट निर्धारण गरी विज्ञापनकर कर लिने ।

क) साववोर्ड प्रति वर्गफिट रु. ४०।-
ख) होडिंङवोर्ड प्रति वर्गफिट रु. ७५।-
ग) ग्लोसाईनवोर्ड प्रति वर्गफिट रु. ९०।-
घ) भित्तेलेखन/सटर पेन्टिंग प्रति वर्गफिट रु. २०।-
ङ) ब्यानर प्रति हप्ता रु. १००।-
च) पोलबोर्ड प्रति गोटा प्रति वर्ष रु. १०००।-
छ) डिजिटल बोर्ड प्रति वर्गफिट रु. २००।-
ज) यस गाउँपालिकामा दर्ता भई संचालनमा रहेका व्यबसायले आफ्नो व्यवसायको चिनारीको लागि राखेको प्रति व्यवसाय एउटासम्म विज्ञापन/साइन वोर्डको लागि विज्ञापन कर लाग्ने छैन। तर एक भन्दा वढी विज्ञापन वोर्ड राखेमा (क) देखि (छ) बमोजिमनै विज्ञापन कर असुल उपर गरिने छ ।

नोट- १. मादक पदार्थ र धुम्रपानजन्य बस्तुहरुको विज्ञापनमा उपरोक्त दरमा ५० प्रतिशत थप गरी विज्ञापन कर उठाइने छ ।

२. सार्वजनिक महत्वका जनचेतना वृद्धि गर्ने र सरकारी कार्यालयबाट राखिएका विज्ञापन सामग्रीहरुमा विज्ञापन कर उठाइने छैन ।

## अनुसूची -८
## (दफा-९ सँग सम्बन्धित)
## मनोरञ्जन कर

क) गाउँपालिकाभित्र तोकिएको पिकनिक/बनभोज स्थलमा पिकनिक आयोजना गर्ने बाट प्रति टोली/समूह रु. १०००।— पिकनिक स्थल शुल्क असुल गरिने छ ।

ख) पिकनिक टोली/समूहले गाउँपालिकाको स्वामित्वमा भएको भाडा/वर्तन प्रयोग गरे वापत प्रति टोली थप रु. १५००।— लिइने छ ।

अन्य मनोरञ्जन कर संकलन सम्बन्धी व्यवस्था/करका दर बागमती प्रदेश आर्थिक ऐन बमोजिम हुनेछ ।

## अनुसूची-९
## (दफा-१० सँग सम्बन्धित)
## बहाल विटौरी शुल्क

गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो छेउमा अस्थायी पसल वा व्यवसाय गर्न दिए वापत प्रति वर्गफिट मासिक रु. ५०।— वहाल विटौरी शुल्क असुल गरिने छ ।

## अनुसूची-१०
## (दफा-११ सँग सम्बन्धित)
## पार्किङ शुल्क

(क) गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङको व्यवस्था गरी सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदिमा एक पटकमा रु. २० पार्किङ शुल्क लिइने छ ।

(ख) निषेधित क्षेत्रमा पार्किङ गरेमा रु. १०० जरिवाना लिइनेछ ।

## अनुसूची-११
## (दफा-१२ सँग सम्बन्धित)
## सेवा शुल्क र दस्तुर

(१) **सिफारिस दस्तूरः** गाउँपालिका र गाउँपालिका मातहतका कार्यालयबाट उपलब्ध गराउने सिफारिसहरुमा निम्न वमोजिम सिफारिस दस्तुर लिइनेछ ।

| सि.नं. | विवरण | सिफारिस दस्तूर रु. |
|---|---|---|
| १ | नाता प्रमाणित/मुचुल्का प्रमाणित | २००।- |
| २ | धारा / विजूली जडान सिफारिस | २००।- |

| | | |
|---|---|---|
| ३ | नाम, थर आदि सच्याउने | २००।- |
| ४ | जग्गा / जग्गा दर्ता /गुठी /रैकर आदि | १०००।- |
| ५ | दैवि प्रकोप असाहय, अशक्त र जेष्ठ नागरिक भत्ता मञ्जुरिनामा/जेष्ठ नागरिक परिचयपत्र  सिफारिस वाहेकका अन्य सिफारिसहरु | २००।- |
| ६ | घर, वाटो प्रमाणित | ५००।- |
| ७ | कालोपत्रे मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | ५००।- |
| ८ | अन्य मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | २००।- |
| ९ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | वार्षिक हुन आउने रकमको ०.१ प्रतिशतका दरले |
| १० | व्यापारिक प्रयोजनका लागि रुख काट्नको लागि सिफारिस दिंदा प्रति रुख रु. | १००।- |
| ११ | (क) बंशजको नागरिकता सिफारिस | १००।- |
| | (ख) अंगिकृत नागरिकता सिफारिस | २००।- |
| | (ग) गैर आवासीय नेपाली नागरिकता सिफारिस | २०००।- |
| | (घ) नावालक परिचय पत्र सिफारिस | १००।- |
| १२ | नागरिकता प्रतिलिपी सिफारिस | ५००।- |
| १३ | **व्यक्तिगत घटना दर्ता सम्बन्धि शुल्क २००। ,-प्रतिलिपि शुल्क ५००। -** | ३५ दिन भित्र गरेका निशुल्क |
| १४ | जग्गा नामसारी | ५००।- |

| | | |
|---|---|---|
| १५ | गाउँपालिकावाट सम्पन्न गर्ने योजनाहरुको वडा कार्यालयवाट गरिने सिफारिस दस्तुर निम्नानुसार तोकिएको छ ।<br>क) २ लाख सम्मको योजनाको रु. २००।—<br>ख) २ दुई लाख १ देखी ५ लाख सम्मको योजनाको रु. ५०० ।-<br>ग) ५ लाख १ देखि २० लाख सम्मको योजनाको रु. १०००।—<br>घ) २० लाख भन्दा माथिका योजनाको रु. ३०००।—<br>ङ) महिला मात्र सदस्य भई गठन भएको उपभोक्ता समितिको हकमा माथि उल्लेखित दस्तुरमा ५० प्रतिशत छुट हुनेछ।<br>च) रु. ५० हजार सम्मका योजनाहरुको सिफारिस दस्तुरमा १०० प्रतिशत छुट हुने छ।<br>छ) संघ र प्रदेश सरकारबाट सम्पन्न गर्ने योजनाहरुको वडा कार्यालयबाट गरिने सिफारिस दस्तुर रु १० लाख सम्मको रु.१०००/- र सो भन्दा माथीको योजनाको सिफारिस दस्तुर रु ३५००/- | |

**नोटः**

- **छात्रवृत्ति, आर्थिक सहायता, निःशूल्क स्वास्थ्य उपचार, दैवी प्रकोप, असाहय, अशक्त र जेष्ठ नागरिक परिचयपत्र सिफारिस तथा जेष्ठ नागरिक** भत्ता प्राप्तको लागि गरिने मन्जुरिनामाको सिफारिसमा सिफारिस दस्तुर संकलन नगर्ने।
- **अंग्रेजी भाषामा सिफारिस गर्दा लाग्ने दस्तुरको दोब्बर दस्तुर लिइनेछ।**

(२) **सम्पती मूल्याङ्कन दस्तुर** : सम्पती मुल्याङ्कन सिफारिस दस्तुर निम्मानुसार कायम गरिएको छ।

क) २० लाख सम्म सम्पत्ति मुल्याङ्कित भएमा ०.०५ प्रतिशत,

ख) २० लाख १ रुपैया देखी ५० लाख सम्म सम्पत्ति मूल्याङ्कित भएमा ०.०७५ प्रतिशत

ग) ५० लाख १ रुपैया भन्दा माथि जतिसुकै सम्पत्ति मूल्याङ्कित भएमा ०.१ प्रतिशत

घ) माथि उल्लेखित सम्पत्ति मूल्याङ्कनको अंग्रेजीमा सिफारिस गर्दा क,ख र ग वर्गको दरको दोब्बर दस्तुर लिइनेछ।

(३) **चारकिल्ला प्रमाणित दस्तूर** : चारकिल्ला प्रमाणित सिफारिस दिंदा निम्न वमोजिम क्षेत्रफल भएको जग्गाहरुमा निम्न वमोजिम सेवा शूल्क लिने ।

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | ५ रोपनी सम्मको जग्गाको | ५००।- |
| २ | ५ रोपनी भन्दा बढी १० रोपनि सम्मका | ७००।- |
| ३ | १० रोपनी भन्दा बढी जतिसुकै भएपनि | १०००।- |

(४) **घर निर्माण नक्सापास दस्तूर**ः घर निर्माण नक्सापास दस्तुर निम्न वमोजिम लिने ।

क) निवेदन फाराम **रु.१००।- लिने,**

ख) ढलान गरी निर्माण गरिने घरलाई घर निर्माण स्वीकृती/ईजाजत आवश्यक प्रयोजनको लागि सम्पन्न प्रमाण पत्र लिने घर प्रतिवर्गफिट **रु.५।–**

ग) भवन निर्माण स्वीकृती व्यवसायीक प्रयोजन, मिश्रित (व्यापार सहितको आवश्यक प्रयोजना तथा संस्थागत प्रयोजन) भए प्रति वर्गफिट **रु.५।**

घ) अभिलेखीकरण कार्यका लागि घर प्रतिवर्गफिट **रु.६ दस्तुर लिने।–**

ङ) ढलान नगरी निर्माण गरिने घरलाई प्रति वर्गफिट **रु.१।-** र माटोको जडान घर निर्माण गर्नेलाई प्रति वर्गफिट **रु.५०।** -नक्सापास दस्तुर लिने ।

च) नक्सा नामसारी तथा नवीकरण वापत प्रत्येक पटकको लागि **रु.५००।-** दस्तुर लिने ।

छ) साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रु. १००।- दस्तूर लिने ।

ज) नक्सापास सम्बन्धी नक्सापास/अभिलेखीकरण प्रमाणपत्रको **रु. २००।-** र पास भएको नक्साको/अभिलेखिकरण भएको नक्साको **रु.३००।-** दस्तूर लिई प्रतिलिपी दिने ।

झ) नक्सा पास दरखास्त फाराम र नक्सा पास अभिलेखीकरण पुस्तिकाको प्रति पुस्तिका **रु.१०००।-** शुल्क लिइने छ।

**(५) निवेदन दस्तूर** : (क)कुनै पनि निवेदनहरुमा निवेदन दस्तुर बापत **रु १०** को हुलाक टिकट टाँस गरेको हुनुपर्नेछ ।

(ख) विवाद निरुपरको लागि पक्षहरुले न्यायिक समितिमा दिने निवेदन दस्तुर- रु.२००।— प्रति पटक ।

(ग) गाउँपालिका र मातहतका कार्यालयहरुमा बुझाई सकिएको डकुमेन्टहरुको प्रतिलिपी माग गरी पछी निवेदन दिएमा प्रति पेज रु. ५ शुल्क लिई प्रतिलिपी उपलब्ध गराइने छ ।

**(६) यस गाउँपालिकामा कर, दस्तूर, महशूल** आदी बुझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा **रु.१००।-** लिई अर्को प्रतिलिपि प्रमाणपत्र दिईनेछ।

**(७) परिचय पत्रको प्रतिलिपी, बिलम्ब तथा सेवा दस्तुर**ः गाउँपालिकावाट परिचय पत्रको प्रतिलिपी तथा सो को बिलम्ब दस्तुर वापत निम्नानुसार दस्तुर लिइने छ ।

| सि.नं. | विवरण | दस्तूर रु. |
|---|---|---|
| १ | परिचय पत्रको प्रतिलिपी दस्तुर | ५००।- |
| २ | व्यक्तिगत घटना दर्ताको प्रतिलिपी दस्तुर | ५००।- |
| ३ | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको | २००।- |

| | | |
|---|---|---|
| ४ | परिचयपत्र नंम्बर तथा बैयात्तिक विवरणको प्रमाणिकरणको सेवा वापत पटकै पिच्छे | ५।- |
| ५ | जैबिक विवरण वा परिचयपत्रको प्रमाणिकरणको सेवा वापत पटकै पिच्छे | १०।- |

(८) **पशु सेवा सम्बन्धी सेवा दिंदा निम्नानुसार सेवा शुल्क लिइने छ।**

- बिरामी पशुको रजिष्ट्रेसन शुल्कः रु २०।-
- गोबर परीक्षण शुल्कः रु २०।-
- बन्ध्याकरण वहर/बोका शुल्कः रु २००/- रु.५०।-
- **निरोगिता निर्यात सिफारिस**
    - भैंसी/रांगा निर्यात शुल्कः रु २००।- प्रतिगोटा
    - बोका/खसि/बाख्रा निर्यात शुल्कः रु १००।- प्रतिगोटा
    - कुखुरा (ब्रोईलर) निर्यात शुल्कः रु १।- प्रतिगोटा

**(९) कृषि तर्फ**

- रजिष्ट्रेसन शुल्कः रु १०।-
- सानासिंचाई सिफारिस शुल्क : रु १००।-
- मल बेचबिखन सिफारिस/प्रमाणित शुल्कः रु १।- प्रति बोरा

**(१०) स्वास्थ्य तर्फः** सार्वजनिक स्थलमा सुर्तिजन्य, लागुपदार्थ एंवम माधकपदार्थ सेवन गरेमा : रु २०० जरिवाना लिईनेछ।

**पञ्चकन्या आधारभुत अस्पतालको शुल्कहरु**

**नोटः स्वास्थ्य सम्बन्धी राजस्वव संकलन र कोषको व्यवस्थापनको सम्पुर्ण जिम्मेवारी अस्पतालको हुनेछ।**

| क्र.स | शिर्षकहरु | शुल्क |
|---|---|---|
| 1 | **OPD Registration Charge** | रु.२०/- |
| 2 | **Emmergency Registration charge** | रु.१००/- |
| 3 | **Admission Charge** | रु.१००/- |
| 4 | **Folwy's and NG Tube Insertion** | रु.१००/- |
| 5 | **Oxygen Supply** | रु.२०/- प्रति घण्टा |

| | | |
|---|---|---|
| 6 | ECG | रु.१००/- |
| 7 | X-ray (per Film) | रु.३००/- |
| 8 | I and D Procedure | रु.३००/- |
| 9 | Wound Debridement and Dressing | रु.२००/- |
| 10 | Suturing Charge | रु.५०/- प्रति suture |
| 11 | Syringing if Ear one side | रु.५०/- |
| 12 | Ear/ Nasal Packing | रु.१००/- |
| 13 | Excision (Lipoma, Cyst, Corn) | रु.१०००/१०००/५००/- |
| 14 | Per Day Stay Charge | रु.१००/- |
| 15 | Plaster Slab | रु.३००/- |
| 16 | Plaster Cast Hand | रु.४००/- |
| 17 | Plaster Leg (Boot Cast) | रु.५००/- |
| 18 | Plaster Cast Removal | रु.५०/- |
| 19 | Intra Articular Injection Administration | रु.५००/- |
| 20 | Inj Tricort (Steriod ) Asministration | रु.५००/- |
| 21 | Dressing (minor) | रु.५०/- |
| 22 | Dressing (major) | रु.१००/- |
| 23 | USG | रु.३००/- |
| 24 | Tooth Extraction (Adult) | रु.३००/- |
| 25 | Tooth Extraction (Child) | रु.५०/- |
| 26 | FB removal fron nose/ear | रु.२००/- |
| 27 | FB removal from eye | रु.३००/- |
| 28 | FB removal from other body parts | रु.२५०/- |
| 29 | Oxygen concentrator धरौटी — रु.५,०००/- | |

| | | |
|---|---|---|
| 30 | **Oxygen Cylinder** ४५ लि. धरौटी — रु. ३०००/- | रु १७००/- प्रति पटक प्रयोग |
| | | |

ख. पञ्चकन्या आधारभूत अस्पतालको शुल्कः

| क.स | शिर्षकहरु | शुल्क |
|---|---|---|
| 1 | **CBC** | रु.२००/- |
| 2 | **Hb** | रु.५०/- |
| 3 | **WBC** | रु.५०/- |
| 4 | **ESR** | रु.५०/- |
| 5 | **DC** | रु.१००/- |
| 6 | **Platelets** | रु.५०/- |
| 7 | **Bleeding Time** | रु.१००/- |
| 8 | **Clotting Time** | रु.१००/- |
| 9 | **HIV** | रु.२००/- |
| 10 | **HBsAg** | रु.२००/- |
| 11 | **ASO** | रु.२००/- |
| 12 | **CRP** | रु.१८०/- |
| 13 | **RA Factor** | रु.१००/- |
| 14 | **HCG** | रु.५०/- |
| 15 | **Blood Group & RH Typing** | रु.५०/- |
| 16 | **Calcium** | रु.२००/- |
| 17 | **Serum Albimin** | रु.१८०/- |
| 18 | **Urine R/E, M/E** | रु.५०/- |
| 19 | **HCV RDT** | रु.२००/- |
| 20 | **Widal test** | रु.१००/- |

| | | |
|---|---|---|
| 21 | **Hpyolori test** | रु.३००/- |
| 22 | **Urine R/E** | रु.५०/- |
| 23 | **Stool R/E** | रु.५०/- |
| 24 | **Stool Occult blood test** | रु.१००/- |
| 25 | **VDRL** | रु.२००/- |
| 26 | **Sugar Fasting (F)** | रु.५०/- |
| 27 | **Sugar PP (P)** | रु.५०/- |
| 28 | **Sugar Random (R)** | रु.५०/- |
| 29 | **Urea** | रु.२००/- |
| 30 | **Creatinine** | रु.१५०/- |
| 31 | **Uric Acid** | रु.१५०/- |
| 32 | **Bilurubin** | रु.२००/- |
| 33 | **Total Cholesterol** | रु.२००/- |
| 34 | **Triglyceride** | रु.२००/- |
| 35 | **Urine Albumin** | रु.१००/- |
| 36 | **Stool R/E, M/E** | रु.५०/- |
| 37 | **SGOT** | रु.२००/- |
| 38 | **SGPT** | रु.२००/- |
| 39 | **LDL** | रु.२००/- |
| 40 | **HDL** | रु.२००/- |
| 41 | **RFT** | रु.५००/- |
| 42 | **LFT** | रु.७००/- |
| 43 | **Lipid profile** | रु.७००/- |
| 44 | **Whole body check up** | रु.२५००/- |

**(११) सरसफाई शूल्कः**

| क्र.स. | विवरण | न्यूनतम |
|---|---|---|
| १ | आवासीय २ तला सम्म | १०० ।- |
| २ | आवासीय २ तला माथी | १५० ।- |
| ३ | होटल, लज सहितको व्यवसायिक | १००० ।- |
| ४ | होटल, सानो चिया नास्ता | ३०० ।- |
| ५ | मासु पसल रांगा / खसी | ३०० ।- |
| ६ | मासु पसल कुखुरा | ४०० ।- |
| ७ | सैलुन | १०० ।- |
| ८ | तरकारी, फलफुल | २०० ।- |
| ९ | पान पसल | १०० ।- |
| १० | माछा पसल | १०० ।- |
| ११ | किराना होलसेल पसल | ४०० ।- |
| १२ | किराना खुद्रा पसल | २०० ।- |
| १३ | फेन्सी, मोबाईल, साईबर, कपडा, घडी पसल, चुरा धागो | १०० ।- |
| १४ | सुन पसल | २०० ।- |
| १५ | स्कुल, क्याम्पस सरकारी | २०० ।- |
| १६ | स्कुल, क्याम्पस निजी होटल सहित | ५०० ।- |
| १७ | स्कुल, क्याम्पस निजी | ३०० ।- |
| १८ | कार्यालय सरकारी | ३०० ।- |
| १९ | कार्यालय निजी, संघ संस्था | ४०० ।- |
| २० | उद्योग ठूलो व्यवसायिक | १००० ।- |
| २१ | उद्योग घरेलु, साना छाता जुत्ता, झोला | ५०० ।- |
| २२ | धान, चिउँरा, तेल मिल आदि | ५०० ।- |
| २३ | फर्निचर उद्योग | १००० ।- |
| २४ | बस, माइक्रो काउन्टर | २०० ।- |
| २५ | हस्पिटल, पोलिक्लिनिक सुई सिरिन्ज बाहेक | १५०० ।- |
| २६ | मेडिकल हल, एग्रोभेट | ५०० ।- |
| २७ | कुखुरा फर्म ठुलो ५०० वा सो भन्दा बढी | ६०० ।- |
| २८ | कुखुरा फर्म सानो ५०० भन्दा कम | ३०० ।- |
| २९ | हार्डवयर पसल | ३०० ।- |
| ३० | स्टेशनरी पसल | १०० ।- |

| | | |
|---|---|---|
| ३१ | कापी उद्योग, छापाखाना | ५०० ।- |
| ३२ | मोटर वर्कशप | १००० ।- |
| ३३ | साईकल, मोटरसाईकल वर्कशप | ५०० ।- |
| ३४ | मोटर, मोटरसाईकल सोरुम | ३०० ।- |
| ३५ | मेटल वर्कशप, मोटर पार्टस, वर्कशप | ४०० ।- |
| ३६ | टायर रिसोलिङ | १००० ।- |
| ३७ | बैंक | ५०० ।- |
| ३८ | सहकारी संस्था | ३०० ।- |
| ३९ | टेलरिङ पसल | ४०० ।- |
| ४० | इट्टा विक्रि केन्द्र, भट्टा | १००० ।- |
| ४१ | पेट्रोल पम्प | ३०० ।- |
| ४२ | मदिरा पसल | १००० ।- |
| ४३ | टिभी इलेक्ट्रिक ,तथा मर्मत पसल | ४०० ।- |
| ४४ | हस्तकला, आर्स, प्लेक्स | २०० ।- |
| ४५ | सिनेमा हलरिङक्याट, पार्टी प्यालेस , | १००० ।- |
| ४६ | दुध डिपो | ३०० ।- |
| ४७ | व्युटि पार्लर | ३०० ।- |
| ४८ | सिलाई मेसिन पसल तथा मर्मत | ३०० ।- |
| ४९ | कुखुरा बाहेक कृषि फर्म | ३०० ।- |
| ५० | अन्य | ३०० ।- |

**(१२) हलभाडाः**

यस गाउँपालिकामा रहेको हल तथा प्रोजेक्टर प्रयोग गरे बापत प्रति दिन सरकारी कार्यालयको हकमा रु.५००।- अन्य संस्थाको हकमा रु.१०००।- भाडा लिई उपलव्ध गराइने छ ।

(१३) **सार्वजनिक शौचालय** : निजी क्षेत्रसंग साझेदारी माध्यमवाट शुल्क निर्धारण गरी सञ्चालन गर्ने ।

**(१४) टेलिफोन टावर करः** नेपाल टेलिकमको बाहेक अन्य दूरसंचार प्रदायक संस्था गाउंपालिकाक्षेत्र टेलिफोन प्रसारणको लागि गाडिएको केन्द्रीय प्रसारण टावरलाइलाई बार्षिक प्रति टावर रु. ३,०००।- र स्थानीय प्रसारणलाई टावरलाई वार्षिक रु. ५००।-

**(१५) खानेपानी मुहान दर्ता शुल्कः** यस पन्चकन्या गाउपालिका भित्र खानेपानी बितरण गर्ने कार्य संचालन गर्न कार्यविधि अनुसार खानेपानीको मुहान दर्ता गरेर मात्र खानेपानी योजना संचालन गर्न पाइनेछ सोका लागि खानेपानी मुहान दर्ता गर्नुपर्नेछ सो को शुल्क रु. ३०००।- र नवीकरण शुल्क रु. २०००।- तोकिएको

छ। अघिल्ला आ.व. हरुको नविकरण बाँकी भएमा सो मा १०% र चालस आ.व.को समेत असोज मसान्त पछिको नविकरणमा १०% जरिवाना असुल गरिने छ।

**(१६) उपभोक्ता समिति दर्ता शुल्कः** यस पन्चकन्या गाउपालिका स्थायी रुपमा उपभोक्ता समिति गठन गरी गाउँपालिकाको कार्य गर्ने उद्देश्यले उपभोक्ता समिति गरेमा सो को शुल्क रु. १०००।— नवीकरण शुल्क रु. ५००/- तोकिएको छ। उपभोक्ता समिति नविकरण शुल्कमा जरिवाना लाग्ने छैन।

**(१७) समुह दर्ता शुल्कः** यस पन्चकन्या गाउपालिका स्थायी रुपमा समूह गठन गरि गाउपालिका भित्र कार्य गर्ने उद्देश्यले समूहको दर्ता शुल्क रु. १०००।- नवीकरण शुल्क रु. ५००।- र खारेजी शुल्क रु १०००।- तोकिएको छ। ।अघिल्ला आ.व. हरुको नविकरण बाँकी भएमा सो मा १०% र चालु आ.व. को समेत असोज मसान्त पछिको नविकरणमा १०% जरिवाना असुल गरिने छ ।

**(१८) रासायनिक मलको डिलरसिप दर्ता प्रमाणपत्रः-** दर्ता शुल्क रु-।१०००. नवीकरण शुल्क ५००।- र खारेजी शुल्क रु १०००।- ।अघिल्ला आ.व. हरुको नविकरण बाँकी भएमा सो मा १०% र चालु आ.व. को समेत असोज मसान्त पछिको नविकरणमा १०% जरिवाना असुल गरिने छ ।

**(१९) आर्थिक कारोबार लेनदेनको प्रमाणीत शुल्क रु.२००।- तोकिएको छ।**

**(२०).सूची दर्ता शुल्क- गाउँपालिकामा विभिन्न बस्तु तथा सेवा उपलब्ध गराउने प्रयोजनको लागि मौजुदा सूचीमा दर्ता हुन उक्त कम्पनी/संस्था/व्यवसायको कुल पुँजीको आधारमा सूची दर्ता शुल्क निर्धारण गरिएको छ ।**

क) रु. २० लाख सम्मको शुल्क रु. ५००/-
ख) रु. २० लाख १ रुपैया देखि ५० लाख सम्मको रु. १०००/-
ग) रु. ५० लाख १ रुपैया देखि १ करोड सम्मको रु. २०००/-
घ) रु. १ करोड १ रुपैया देखि माथिका सबै रु. २५००/-
ङ) सेवा प्रदायक संस्थाको लागि रु. ५००/-
च) गैर सरकारी संघ संस्थाको लागि रु. ५००/-
छ) अन्य रु. ५००/-

**(२१). योजना संचालन पुस्तिका बिक्री मूल्य :** यस पन्चकन्या गाउपालिकामा उपभोक्ता समिति बिबरण संकलन हुने पुस्तिका गाउपालिकाले छपाई गरी उपभोक्ता समितिलाइ उपभोक्ता समितिको बिबरण भर्न सोही पुस्तिका प्रयोगमा ल्याइएकोले सो को बिक्री मूल्य रु. १०००।- तोकिएको छ ।

**(२२आर.सी.सी. ढलान सडक उचाइ नाप्ने कोर कटर मेसिन प्रति पटक प्रयोगको रु. ४,०००/- (२३).**
निजी हस्पिटल सूचीकरण शुल्क रु. १५०००/-

(२४) संस्था दर्ता तथा नविकरण शुल्कः

| सि.नं. | संस्थाको प्रकार | शुल्क |
|---|---|---|
| १ | गैसस (राष्ट्रिय) | रु.१५००।- |
| २ | गैसस (अन्तराष्ट्रिय) | रु.१००००।- |

प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र नविकरण गरिसक्नुपर्नेछ । यदि ३ महिना भित्र नवीकरण गरेमा शुल्कको २५ प्रतिशत थप रकम लिइनेछ । सो भन्दा पछि ५० प्रतिशत शुल्क लिइनेछ ।

(२५) **पत्रपत्रिका/संचार गृह/संचार माध्यम/विज्ञापन एजेन्सी सूचीकरण शुल्कः** यस गाउँपालिकाबाट प्रकाशित हुने विभिन्न प्रकारका विज्ञापन तथा सूचनाहरु प्रकाशन गर्नको लागि सूचीकृत हुने पत्रपत्रिका/संचार गृह/संचार माध्यम/विज्ञापन एजेन्सीहरुलाई वार्षिक रु. ५०० शुल्क लिई सूचीकृत गरिनेछ ।

## पर्यटन शुल्क

गाउँपालिकाको पर्यटकीय स्थल प्रवेश शुल्क देहाय बमोजिम हुनेछ ।

| विवरण | शुल्क (रु) प्रति व्यक्ति |
|---|---|
| विद्यार्थीको लागि | १०।- |
| वयश्कको लागि/विद्यार्थी बाहेकको लागि | २०।- |

## विक्री शुल्क

**ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा दहत्तर बहत्तर–शुल्क**

| सि.नं. | विवरण | एकाइ | दर (रु) |
|---|---|---|---|
| १. | माटो (स्वीकृत खानी क्षेत्र बाहेकमा) | प्रति घन फिट | ३।५० |
| २. | ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा (स्वीकृत खानी क्षेत्र बाहेकमा) | प्रति घन फिट | ७।- |
| ३. | स्लेट (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति वर्ग फिट | ७।- |

| | | | |
|---|---|---|---|
| ४ | वन सम्बन्धी सङ्घीय तथा प्रदेश कानुनबाट नियमन हुने काठ दाउरा बाहेकका नदीले बगाई ल्याएका काठ, दाउँरा तथा जराजुरी जस्ता दहत्तर बहत्तर सामग्रीको सङ्कलनमा सङ्कलनकर्ताबाट देहाय अनुसार शुल्क असुल उपर गरिनेछ। | | |
| | क.खयर (नदीले बगाई ल्याएको) | प्रति किलो ग्राम | ४०।- |
| | ख.साल (नदीले बगाई ल्याएको) | प्रति ठुटो | १५०।- |
| | ग.अन्य (नदीले बगाई ल्याएको) | प्रति ठुटो | ५०।- |

**क.** ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख, माटो तथा दहत्तर-बहत्तरजन्य पदार्थहरूको संकलन, उत्खनन तथा बिक्रीमा प्रदेश आर्थिक ऐनले यस आर्थिक ऐनमा उल्लेखित दरभन्दा फरक दर निर्धारण गरेको अवस्थामा त्यस्तो शुल्क तथा संकलन मूल्य प्रदेश आर्थिक ऐन बमोजिम लाग्ने र असुल उपर गरिनेछ।

**ख.** गिट्टी, बालुवा लगायत नदीजन्य दहत्तर—बहत्तर पदार्थहरूको संकलन, उत्खनन, प्रशोधन, ओसारपसार वा बिक्री—वितरण गर्दा प्रचलित कानूनको उल्लङ्घन गरेको पाइएमा प्रदेश आर्थिक ऐन तथा अन्य प्रचलित कानून बमोजिम जरिवाना लगाई असुल उपर गरिनेछ।

ग. साधारण निर्माण मुखि खानी तथा खनिज पदार्थको उत्खनन्, संकलन, दर्ता, नविकरण र रोयल्टी सम्बन्धी व्यवस्था खानी तथा खनिजजन्य पदार्थको उत्खनन्, निकासी तथा विक्री सम्बन्धी कार्यविधिले निर्धारण गरे बमोजिम हुनेछ।

## अनुसूची-१४
## (दफा-१५ सँग सम्बन्धित)

१. **सामुदायिक वनबाट आय प्राप्त गर्नेः** पञ्चकन्या गाउँपालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री वापत प्राप्त गर्ने वार्षिक आय रकमको १० प्रतिशत रकम गाउँपालिकाले लिनेछ ।

**आज्ञाले**
**हिराधन राई**
**प्रमुख प्रशासकीय अधिकृत**